

वित्तीय सहकारीको स्वनियामकीय अभ्यास : चुनौती तथा आगामी मार्गचित्र, विश्वव्यापी दृष्टिकोण तथा नेपालमा यसको सम्भावना

सिए. अनुप नेपाल

अध्यक्ष, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ

नेपालमा सहकारी क्षेत्र - वर्तमान सन्दर्भ

नेपालमा सहकारी क्षेत्र संविधानद्वारा मान्यता प्राप्त तीन स्तम्भमध्ये एक (सार्वजनिक, निजी र सहकारी) (One among 3 Pillars) का रूपमा विकास भएको छ। बचत संकलन, सस्तो ऋण, वित्तीय पहुँच र सामाजिक आर्थिक समावेशीकरणमा सहकारीहरूले विशेष गरी ग्रामीण तथा अर्धशहरी क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन्। हाल नेपालमा हजारौँ बचत तथा ऋण सहकारी संस्थामार्फत लाखौँ सदस्यहरूको दैनिक वित्तीय आवश्यकता पूरा भइरहेको छ।

सहकारी क्षेत्रको विकास

विगत दुई दशकमा सहकारी क्षेत्रले निम्न महत्वपूर्ण उपलब्धि हासिल गरेको छ:

- वित्तीय पहुँच नपुगेका समुदायसम्म बचत तथा ऋण सेवा विस्तार
- महिला, कृषक, साना व्यवसायी र स्वरोजगार समूहको आर्थिक सशक्तीकरण
- स्थानीय तहमा पूँजी परिचालन र रोजगारी सिर्जना
- डिजिटल लेखा प्रणाली, MIS र केन्द्रीय रिपोर्टिङतर्फ क्रमिक रूपान्तरण

यसले सहकारीलाई केवल सामाजिक संस्था मात्र नभई स्थानीय वित्तीय मध्यस्थकर्ता (Local Financial Intermediary) को रूपमा स्थापित गरेको छ।

नेपालमा सहकारी क्षेत्र - वर्तमान सन्दर्भ

यद्यपि, हालका वर्षहरूमा केही सहकारी संस्थामा गम्भीर वित्तीय दुरुपयोगका घटनाहरू सार्वजनिक भएका छन् जस्तै:

- सञ्चालक/व्यवस्थापनद्वारा सदस्यको बचत दुरुपयोग
- अत्यधिक जोखिमयुक्त तथा सम्बन्धित पक्षलाई ऋण प्रवाह
- दोहोरो लेखा, गलत वित्तीय विवरण र MIS दुरुपयोग
- नियामक अनुगमन कमजोर भएको अवस्थाको दुरुपयोग

यी घटनाहरूले सम्पूर्ण सहकारी क्षेत्रको विश्वासनीयता, सुशासन र सदस्यहरुको विश्वासमा गम्भीर असर पारेको छ।



१. नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

सिए. अनुप नेपाल

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

वित्तीय संस्थाले वहन गर्ने जोखिमको स्तर बढ्दै जाँदा सो जोखिमबाट उत्पन्न हुन सक्ने सम्भावित घाटा सहन पर्याप्त पूँजी समेत समानुपातिक रूपमा कायम रहनु आवश्यक हुन्छ, भन्ने Capital Adequacy Ratio (CAR) को मूल मान्यता हो ।

CAR को अवधारणा विश्वव्यापी बैंकिङ संकट र बैंक असफलताका घटनापछि विकसित भएको हो । १९७० को दशकमा जर्मनीको Herstatt Bank को असफलता (सन् १९७४) लगायतका अन्तर्राष्ट्रिय बैंकिङ संकटहरूले, पर्याप्त पूँजी बिना अत्यधिक जोखिम लिने वित्तीय संस्थाहरूले केवल आफैं मात्र होइन, सम्पूर्ण वित्तीय प्रणालीको स्थायित्वमै गम्भीर खतरा उत्पन्न गर्न सक्छन् भन्ने यथार्थ उजागर गरे ।

यसै पृष्ठभूमिमा सन् १९८८ मा Basel Committee on Banking Supervision (BCBS) ले Basel I Accord जारी गऱ्यो, जसले पहिलो पटक:

- जोखिमअनुसार सम्पत्तिलाई वर्गीकरण गर्ने,
- न्यूनतम पूँजी = Risk Weighted Assets (RWA) को ८% राख्नुपर्ने व्यवस्था गऱ्यो ।

पछिल्ला चरणहरूमा:

- Basel II (२००४) ले Credit Risk, Market Risk र Operational Risk लाई CAR गणनामा समेट्दै जोखिम मापनलाई परिष्कृत गऱ्यो ।
- Basel III (२०१० पछि) ले २००८ को Global Financial Crisis पछि पूँजीको गुणस्तर (Core Capital), Capital Buffers, Leverage Ratio र Liquidity Standards -LCR, NSFR) थप गऱ्यो ।

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

Risk Weighted Assets (RWA)

Risk Weighted Assets (RWA) को अवधारणा पनि Basel I सँगै विकसित भएको हो । यसले "सबै सम्पत्ति समान जोखिमका हुँदैनन्" भन्ने आधारभूत सिद्धान्तलाई संस्थागत गऱ्यो ।

उदाहरणका लागि:

- नगद, केन्द्रीय सरकारका प्रतिभूति - न्यून जोखिम
- आवासीय ऋण - मध्यम जोखिम
- असुरक्षित ऋण, उच्च जोखिमयुक्त लगानी - उच्च जोखिम

Basel II र Basel III ले RWA अवधारणालाई अझ उन्नत बनाउँदै:

- Standardized Approach
- Internal Rating Based (IRB) Approach
- Stress Testing / forward–looking risk assessment

जस्ता प्रणाली विकास गरे ।

RWA बिना CAR अर्थहीन जस्तै हुन्छ र यसले CAR लाई जोखिम संवेदनशील (risk-sensitive) बनाउँदछ ।

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

PEARLS प्रणालीको अन्तर्राष्ट्रिय विकास

PEARLS प्रणाली को विकास सहकारी तथा क्रेडिट युनियन क्षेत्रका लागि गरिएको हो । PEARLS प्रणालीले historical Data/Statistics and Ratios मा आधारित भएर संस्थाको स्वास्थ्य मूल्याङ्कन गर्दछ र प्रारम्भिक चेतावनी संकेत (Early Warning Indicators) प्रदान गर्दछ ।

World Council of Credit Unions (WOCCU) ले १९९० को दशक मा PEARLS प्रणाली विकास गरेको हो ।

यसको उद्देश्य बैंकिङका लागि बनेका जटिल Basel मापदण्डभन्दा सरल तर प्रभावकारी सहकारी-केन्द्रित वित्तीय स्वास्थ्य मापन प्रणाली प्रदान गर्नु थियो ।

PEARLS विश्लेषणले सहकारी संस्थाहरूको वित्तीय स्थायित्व मूल्याङ्कन गर्न ४६ वटा वित्तीय अनुपातहरू प्रयोग गर्दछ । यसले विभिन्न क्षेत्रहरूमा प्रदर्शन मूल्याङ्कन गर्न र सुधारको मार्गनिर्देशन तय गर्न मद्दत गर्दछ ।

PEARLS का छ (Six)आयाम:

P - Protection (बचत । निक्षेप संरक्षण)
E - Effective Financial Structure
A - Asset Quality
R - Rates of Return & Costs L- Liquidity S - Signs of Growth

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

अन्तराष्ट्रिय अभ्यासबाट Risk–Based Regulation तर्फको यात्रा

विश्वव्यापी रूपमा नियामकहरू Rule–based / Ratio–based supervision बाट Risk–Based Supervision (RBS) तर्फ सरेका छन् । यसमा मुलभुतरुपमा निम्न विषयहरुमा जोड दिएको देखिन्छ ।

- सबै संस्थामा समान नियम लागु हुनुहुँदैन
- उच्च जोखिम भएका संस्थामा कडा निगरानी
- न्यून जोखिम भएका संस्थामा सरल नियमन

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.१.१ Basel आधारित Risk Weighted Assets (RWA), Capital Adequacy Ratio (CAR)

Basel Framework अनुसार बैंक तथा वित्तीय संस्थाले आफ्ना सम्पत्तिहरूलाई जोखिमको स्तर अनुसार वर्गीकरण गरी Risk Weighted Assets (RWA) निर्धारण गर्नुपर्दछ। RWA को आधारमा Capital Adequacy Ratio (CAR) गणना गरिन्छ, जसले संस्थाको पूँजी पर्याप्तता, वित्तीय स्थायित्व र घाटा वहन गर्ने क्षमता मापन गर्दछ। उच्च जोखिम भएका सम्पत्तिमा बढी पूँजी राख्नुपर्ने व्यवस्था Basel को मूल आत्मा हो।

१.१.२ Credit Risk, Operational Risk र Internal Control

Credit Risk ले कर्जा लगानी असुली नहुन सक्ने सम्भावनालाई जनाउँछ।

Operational Risk भनेको आन्तरिक प्रक्रिया, मानव त्रुटि, प्रणाली असफलता वा बाह्य घटनाबाट हुने जोखिम हो। यी जोखिमहरूलाई न्यूनिकरण गर्न प्रभावकारी Internal Control System आवश्यक हुन्छ, जसले नीति, प्रक्रिया, अधिकार दायित्व र अनुगमन संरचना स्पष्ट गर्दछ।

१.१.३ जोखिम आधारित मूल्याङ्कनमा Internal Control को भूमिका

जोखिम पहिचान, मापन, अनुगमन र नियन्त्रणमा Internal Control केन्द्रीय आधार हो। कमजोर आन्तरिक नियन्त्रण हुँदा RWA र CAR कागजी मात्र हुने र वास्तविक जोखिम प्रतिबिम्बित नहुने खतरा रहन्छ।

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.२ PEARLS प्रणालीबाट जोखिम-आधारित विश्लेषण मोडेलतर्फ रूपान्तरण

PEARLS (Protection, Effective Financial Structure, Asset Quality, Rates of Return & Costs, Liquidity, Signs of Growth) प्रणाली सहकारी क्षेत्रमा प्रयोग हुँदै आएको छ। यसलाई जोखिम-आधारित मोडेलमा रूपान्तरण गर्दा निम्न पक्ष देखिन्छन्।

चुनौतीहरू

- जोखिमको भविष्य उन्मुख (forward–looking) मूल्याङ्कनको अभाव
- डेटा गुणस्तर र MIS कमजोर हुनु
- ऐतिहासिक रुपमा हुँदै आएको अनुपात-आधारित विश्लेषणका सीमितता

अवसरहरू

- Basel/IFRS सँग सामञ्जस्य
- प्रारम्भिक चेतावनी प्रणाली (Early Warning System) विकास
- नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने सम्भावना

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.३ निर्देशन, परिपत्र र अनुपालन आवश्यकतामा देखिएका अन्योल र समाधानका उपाय

बहु-नियामक संरचनाबाट उत्पन्न अन्योल

स्थिति: एक भन्दा बढी नियामक निकाय - सहकारी प्राधिकरण, सहकारी विभाग, नेपाल राष्ट्र बैंक, सहकारी संघ ।

सहकारी ऐन, सहकारी विभागका निर्देशन/परिपत्र, NRB का मापदण्ड सबै अलग अलग निकायबाट जारी हुने भएकाले संस्थाले कुन नियमलाई प्राथमिकता दिनुपर्छ भन्ने अन्योल ।

प्रभाव: दोहोरो रिपोर्टिङ, समय र स्रोतको अनावश्यक खर्च, नीति व्यवहारमा असमानता ।

निर्देशनको व्याख्या र अनुवादमा अस्पष्टता

स्थिति: NRB का Basel संग सम्बन्धित निर्देशन, PEARLS प्रणाली, वा विभागीय अनुपात निर्देशन सैद्धान्तिक छन्, तर सहकारी सन्दर्भमा अनुकूलता स्पष्ट छैन ।

प्रभाव: सहकारी बोर्ड र व्यवस्थापनले निर्देशन लागू गर्दा फरक-फरक व्याख्या, अनुपालनमा ढिलाइ ।

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.३ निर्देशन, परिपत्र र अनुपालन आवश्यकतामा देखिएका अन्योल र समाधानका उपाय

अनुपात र मापदण्ड लागू गर्ने तरिका

स्थितिः CAR, RWA, Liquidity, NPL जस्ता अनुपात वित्तीय संस्थामा निर्धारित छन् तर साना सहकारीमा लागू गर्न कठिन ।

प्रभावः अनुपालन बोझ बढ्ने, छोटे सहकारीमा अनावश्यक दबाव र अन्योल ।

MIS र डेटा आवश्यकताको अभाव

स्थितिः PEARLS वा Risk–Based Supervision लागू गर्न डेटा गुणस्तर र MIS प्रणाली अपर्याप्ता ।

प्रभावः जोखिम मूल्याङ्कन, Early Warning System र रिपोर्टिङ सही ढंगले नहुने ।

Early Warning System (EWS) / Prompt Corrective Action (PCA) मा अस्पष्टता

स्थितिः विभाग वा NRB द्वारा जारी PCA निर्देशन र EWS सूचकहरू स्पष्ट परिभाषित नभएको ।

प्रभावः समस्याग्रस्त सहकारीलाई नियमन ढिलाइ, समयमै हस्तक्षेप गर्न कठिनाइ ।

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.३ निर्देशन, परिपत्र र अनुपालन आवश्यकतामा देखिएका अन्योल र समाधानका उपाय

आन्तरिक नियन्त्रण र Governance जिम्मेवारी स्पष्ट नभएको

स्थिति: बोर्ड, व्यवस्थापन र अन्तरिक लेखापरीक्षकको भूमिका र जिम्मेवारी स्पष्ट नभएको ।

प्रभाव: Operational Risk बढ्ने, Internal Control कमजोर हुने ।

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.३ निर्देशन, परिपत्र र अनुपालन आवश्यकतामा देखिएका अन्योल र समाधानका उपाय

समाधान-उन्मुख उपायहरू

१. **Regulatory Harmonization**

- सहकारी प्राधीकरण, NRB, सहकारी विभाग र ऐन/कानुनका मापदण्डलाई एकीकृत गर्ने
- **Single Regulatory Window** अवधारणा अपनाउने
- फरक फरक निर्देशनलाई precedence / priority system निर्धारण गर्ने

२. **व्याख्या र अनुपालन गाइडलाइन जारी**

- Detailed Guidelines / FAQs / illustrative examples
- साना सहकारीका लागि Proportionate / size-based अनुपात लागू

३. **Capacity Building**

- Board, Management का लागि तालिम
- MIS, Risk Management र Early Warning System को प्रयोगमा दक्षता विकास

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.३ निर्देशन, परिपत्र र अनुपालन आवश्यकतामा देखिएका अन्योल र समाधानका उपाय

समाधान-उन्मुख उपायहरू

४. **MIS र डेटा गुणस्तर सुधार**

- साझा MIS प्लेटफर्म
- नियमित डेटा भर्ना, सत्यपन र रिपोर्टिङ सुनिश्चित

५. **Early Warning System / Prompt Corrective Action लागू**

- स्पष्ट, measurable indicators
- Threshold–based alerts
- समयमै corrective intervention

६. **Self-Regulation सुदृढीकरण**

- संघ/केन्द्रीय संघमार्फत निरन्तर निरीक्षण
- Code of Conduct / risk-monitoring framework

नियामकबाट आएका नयाँ अभ्यासको विश्लेषण

१.४ बहु-नियमनका कारण उत्पन्न समस्या र “Single Regulatory Window” को सम्भाव्यता

नेपालको सहकारी क्षेत्रमा विभिन्न नियामक निकाय (सहकारी प्राधिकरण, सहकारी विभाग, NRB, Ministry of Finance) द्वारा जारी नियम, निर्देशन र परिपत्रहरूका कारण संस्थाहरूले दोहोरो नियमनको सामना गर्नु परेको छ। यसले निम्न समस्या उत्पन्न गर्दछ:

- दोहोरो रिपोर्टिङ र अनुपालनको बोझ बढ्ने
- नीति र प्रक्रियामा द्वन्द्व वा भ्रम सिर्जना हुने
- संस्थागत निर्णयमा ढिलाइ र त्रुटि हुने
- समय र स्रोतको अनावश्यक खर्च

यस सन्दर्भमा “Single Regulatory Window” अवधारणा लागू गर्दा निम्न फाइदा हुन सक्दछ :

- नियमन र अनुगमनको दोहोरोपन हट्ने
- जिम्मेवारी र जवाफदेहिता स्पष्ट हुने
- रिपोर्टिङ र अनुपालनको लागत र समय घट्ने
- नीति र कार्यान्वयनमा स्पष्टता र पारदर्शिता बढ्ने



२. स्व-नियमन (Self-Regulation) को आवश्यकता र संघ/केन्द्रीय संघको भूमिका

सिए. अनुप नेपाल

स्व-नियमन (Self-Regulation) को आवश्यकता र संघ/केन्द्रीय संघको भूमिका

Self-Regulation ले संस्थागत अनुशासन, नैतिकता र जोखिम व्यवस्थापन सुदृढ बनाउँछ। Self-Regulation प्रणालीले सहकारी संस्थाहरूमा आन्तरिक नियन्त्रण, पारदर्शिता र जोखिम व्यवस्थापन सुनिश्चित गर्न मद्दत गर्दछ।

संघ/केन्द्रीय संघको भूमिका/योगदान

- **नीति कार्यान्वयनको माध्यम:** संघ/केन्द्रीय संघले राज्य, सहकारी प्राधिकरण, सहकारी विभाग र NRB द्वारा जारी नियम, निर्देशन, Basel Framework र PEARLS आधारित मापदण्ड सबै प्रकारका सहकारी संस्थामा प्रभावकारी रूपमा लागू गर्न सहयोग पुऱ्याउँछ। यसले दोहोरो नियमन र अन्योल हटाउँछ।
- **स्थानीय अनुगमन र समर्थन:** संघहरूले सहकारी संस्थाहरूका बोर्ड, व्यवस्थापन र सदस्यलाई प्रशिक्षण, मार्गदर्शन र सल्लाह प्रदान गरेर नियम पालनामा सजग बनाउँछन्।
- **जोखिम पहिचान:** संघहरूले सदस्य सहकारी संस्थाहरूमा सम्भावित वित्तीय, अपरेशन र संस्थागत जोखिम पहिचान गरी प्राथमिकता अनुसार जोखिम सूची तयार पार्छन्। यसले संस्थाहरूलाई भविष्यका चुनौतीको तयारी गर्न सहयोग पुऱ्याउँछ।
- **प्रारम्भिक चेतावनी (Early Warning System):** संघहरूले EWS प्रणाली विकास गरी समयमै जोखिम संकेतहरू पत्ता लगाउँछन्, जसले संस्थाहरूलाई समस्या बढ्नु अघि सुधारात्मक कदम चाल्न मद्दत गर्दछ।

Contd…

स्व-नियमन (Self-Regulation) को आवश्यकता र संघ/केन्द्रीय संघको भूमिका

- **MIS आधारित रिपोर्टिङः** संघहरूले साझा MIS प्लेटफर्म प्रयोग गरी सदस्य संस्थाहरूको वित्तीय र सञ्चालन सम्बन्धी डेटा संकलन, विश्लेषण र रिपोर्ट तयार पार्छन्। यसले नियामक निकायलाई सहकारीको स्वास्थ्यको वास्तविक अवस्था बुझ्न सजिलो बनाउँछ र दोहोरो रिपोर्टिङ कम गर्छ।
- **Capacity Development:** संघहरूले सहकारी संस्थाहरूका बोर्ड, व्यवस्थापन र कर्मचारीहरूलाई वित्तीय व्यवस्थापन, जोखिम व्यवस्थापन, :IS प्रणाली प्रयोग र Self-Regulation सम्बन्धी तालिम, कार्यशाला र मार्गदर्शन प्रदान गर्छन्।



३. समस्या पहिचान **(Problem Statement)**

सिए. अनुप नेपाल

समस्या पहिचान (Problem Statement)

(क) नियमनको दोहोरोपन र अन्योल

नेपालको सहकारी क्षेत्र विभिन्न तहका नियामक निकाय, स्थानीय सरकार, लेखापरीक्षण र रिपोर्टिङ प्रणाली अन्तर्गत सञ्चालन भइरहेको छ। यसले निर्देशन, परिपत्रको व्याख्या र कार्यान्वयनमा अनिश्चितता सिर्जना गरेको छ। दोहोरो नियमनले संस्थामा अनुपालन बोझ बढाउने, नीति र कार्यान्वयनमा भ्रम उत्पन्न गर्ने र निर्णय प्रक्रियामा ढिलाइ ल्याउने समस्याहरू निम्त्याउँछ।

(ख) जोखिम-आधारित प्रणालीतर्फ रूपान्तरणको चुनौती

सहकारी संस्थाहरूमा पारम्परिक नियम-आधारित दृष्टिकोणबाट जोखिम-आधारित सुपरिवेक्षणमा रूपान्तरण गर्दा संरचनागत चुनौतीहरू देखिन्छन्। MIS प्रणालीको अभाव, क्षमता कम हुनु, जोखिम मूल्याङ्कन र प्रारम्भिक चेतावनी (Early Warning) प्रणालीको कमीले रूपान्तरण प्रक्रिया जटिल बनाउँछ। यसले जोखिम व्यवस्थापन, पूँजी पर्याप्तता (CAR), RWA /PEARLS अनुपातको प्रभावकारी अनुगमनमा कठिनाइ ल्याउँछ।

(ग) सुशासन, पारदर्शिता र सदस्य सुरक्षा

सदस्यहरूको बचत र हितको सुरक्षा, संस्थागत पारदर्शिता र सुशासनमा कमजोरीले अवैध वा दुरुपयोगको सम्भावना बढाउँछ। बोर्ड, व्यवस्थापन र लेखापरीक्षक बीच जिम्मेवारी स्पष्ट नहुनु, आन्तरिक नियन्त्रण कमजोर हुनु र सदस्य जागरुकता कम हुनुले समस्या बढाउँछ।



४. स्व-नियमनको भूमिका

सिए. अनुप नेपाल

स्व-नियमनको भूमिका

- **नियामक निर्देशको प्रभावकारी कार्यान्वयन:** Self-regulation ले नियामक निर्देशहरूको प्रभावकारी कार्यान्वयनमा टेवा पुर्याउँछ, जसले सहकारीलाई कानूनी र अपरेशनल मानकहरूको पालना गर्न मद्दत पुर्याउँछ।
- **जोखिम पहिचान र न्यूनीकरण:** Self-regulation मार्फत सहकारीहरूले जोखिम पहिचान र मूल्याङ्कन गर्न सक्छन्, जसले समस्या बढ्नु भन्दा पहिले रोकथामको उपाय अपनाउन मद्दत पुर्याउँछ।
- **Early Warning System –EWS को विकास:** Self–regulation ले सहकारीहरूलाई Early Warning Systems-EWS को विकास गर्न मद्दत गर्दछ, जसले समयमै सम्भावित समस्याहरूको चेतावनी दिन्छ र समाधानको लागि तयारी गर्न सक्षम बनाउँछ।
- **MIS आधारित रिपोर्टिङ र पारदर्शिता:** Self–regulation ले सहकारी संस्थामा Management Information Systems-MIS को स्थापना गर्न मद्दत पुर्याउँछ, जसले पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दछ।
- **क्षमता विकास(Capacity Development):** Self-regulation सहकारी संस्थाका व्यवस्थापन र कर्मचारीहरूको क्षमता विकासमा सहयोग पुर्याउँछ, जसले उनीहरूलाई चुनौतीहरूको सामना गर्न र संस्थाको कार्यसम्पादन सुधार गर्न सक्षम बनाउँछ।



५. नेपालमा बचत तथा ऋण सहकारीहरूको जोखिम प्रोफाइल र BASEL आधारित मापदण्डको उपयुक्तता

सिए. अनुप नेपाल

नेपालमा बचत तथा ऋण सहकारीहरूको जोखिम प्रोफाइल र BASEL आधारित मापदण्डको उपयुक्तता

नेपालका बचत तथा ऋण सहकारीहरू (Savings and Credit Cooperatives – SACCOs) वित्तीय सेवाहरू प्रदान गर्ने साना र मध्यम स्तरका संस्थाहरू हुन् । यी संस्थाहरूको **जोखिम प्रोफाइल** विशेषगरी निम्न प्रकारका हुन्छन

- **क्रेडिट जोखिम (Credit Risk):** सदस्यहरूलाई प्रदान गरिएको ऋणको विलम्ब भुक्तानी वा डिफल्ट हुने सम्भावना । SACCOs को मुख्य व्यवसाय ऋण प्रवाहमा आधारित भएकोले क्रेडिट जोखिम उच्च हुन्छ ।
- **तरलता जोखिम (Liquidity Risk):** सदस्यहरूको निकासी माग पूरा गर्ने क्षमतामा कमी आउनु । साना SACCOs मा तरलता प्रबन्ध कमजोर हुने अवस्था पाइन्छ ।
- **अपरेशनल जोखिम (Operational Risk):** आन्तरिक नियन्त्रण, MIS प्रणाली, लेखा व्यवस्थापन र कर्मचारी क्षमतामा कमजोरीका कारण उत्पन्न हुने जोखिम ।
- **नियामक अनुपालन जोखिम (Regulatory Risk) :** नियम, निर्देशन र अनुपात मापदण्डको पालनामा असमर्थता वा ढिलाइ ।

नेपालमा बचत तथा ऋण सहकारीहरूको जोखिम प्रोफाइल र BASEL आधारित मापदण्डको उपयुक्तता

BASEL आधारित मापदण्डको उपयुक्तता

Basel Framework (CAR, RWA) अन्तराष्ट्रिय बैंकिङ प्रणालीका लागि डिजाइन गरिएको भए पनि SACCOs मा यसलाई अनुकूलित गर्न सकिन्छ। उपयुक्तताका मुख्य पक्षहरू:

- **पूँजी पर्याप्तता (CAR):** SACCOs ले आफ्नो पूँजी संरचना र जोखिम भारको आधारमा पूँजी पर्याप्तता निर्धारण गर्न सक्छन्। यसले ऋण जोखिम कम गर्न र वित्तीय दिगोपन सुनिश्चित गर्न सहयोग गर्छ।
- **जोखिम भारित सम्पत्ति (RWA):** SACCOs का सम्पत्तिहरूमा जोखिम भार निर्धारण गरेर पूँजी आवश्यकतालाई जोखिमसँग मेल खाने गरी गणना गर्न सकिन्छ।
- **प्रयोगको चुनौती:** साना SACCOs मा Basel अनुपात लागू गर्दा डेटा अभाव, MIS प्रणाली कमजोर हुनु र जोखिम मूल्याङ्कन क्षमता सीमित हुनु समस्याका रूपमा देखिन्छ। यसका लागि संघ/केन्द्रीय संघले Capacity Building, MIS सुधार र जोखिम प्रबन्धन तालिम प्रदान गर्न आवश्यक छ।



६. प्राविधिक र संस्थागत सुधारहरू

सिए. अनुप नेपाल

प्राविधिक र संस्थागत सुधारहरू

सहकारी संस्थाहरूको दीगो वित्तीय स्वास्थ्य र दिगो सञ्चालन सुनिश्चित गर्न प्राविधिक र संस्थागत सुधारहरू आवश्यक छन् । यी सुधारहरू निम्न पक्षहरूमा केन्द्रित हुन सक्छन

प्राविधिक सुधारहरू

- **MIS प्रणालीको विकासः** वित्तीय र सञ्चालन सम्बन्धी डेटा संकलन, विश्लेषण र रिपोर्टिङलाई डिजिटल बनाउने। यसले जोखिम मूल्याङ्कन, CAR, RWA / PEARLS अनुपातको सही गणना र निगरानीमा सहयोग पुऱ्याउँछ ।
- **Early Warning System (EWS)**: संभावित जोखिम पहिचान गर्न संकेत प्रणाली निर्माण गर्नु । यसले जोखिम बढ्नु अघि सुधारात्मक कदम चाल्न सक्षम बनाउँछ ।
- **डिजिटल सेवा र वित्तीय प्रवाहः** मोबाइल बैंकिङ, अनलाइन ऋण आवेदन, डिजिटल भुक्तानी प्रणाली लागू गरेर अपरेशनल दक्षता बढाउने ।
- **डेटा सुरक्षा र गोपनीयताः** वित्तीय र व्यक्तिगत विवरण सुरक्षित राख्ने उपायहरू अवलम्बन गर्ने ।

प्राविधिक र संस्थागत सुधारहरू

संस्थागत सुधारहरू

- **Board र व्यवस्थापनको क्षमता विकासः** वित्तीय व्यवस्थापन, जोखिम व्यवस्थापन, Internal Control / Self Regulation सम्बन्धी तालिम ।
- **आन्तरिक नियन्त्रण र Governance:** जिम्मेवारी स्पष्ट गर्नु, Internal Audit को नियमित सञ्चालन, नीति पालनामा, पारदर्शिता सुनिश्चित गर्नँ ।
- **Self-Regulation सुदृढीकरणः** संघ/केन्द्रीय संघ मार्फत आन्तरिक अनुगमन, जोखिम मूल्याङ्कन, रिपोर्टिङ र सदस्य जागरुकता बढाउने ।
- **नीति र प्रक्रिया परिष्कृत गर्नु:** Standard Operating Procedures (SOPs), Risk Management Framework, Credit Policy / Investment Guidelines अपडेट गर्नँ ।
- **सदस्य सहभागिता र पारदर्शिताः** सदस्यहरूलाई आफ्नो अधिकार, जिम्मेवारी र संस्थाको वित्तीय स्थिति बारे जानकारी गराउने ।

यी प्राविधिक र संस्थागत सुधारहरूले सहकारी संस्थाहरूको दीगो वित्तीय स्वास्थ्य, जोखिम व्यवस्थापन क्षमता, पारदर्शिता र सदस्य विश्वासमा सुधार ल्याउँछन् ।



७. राज्य-नियामक-संघ त्रिकोणात्मक संयन्त्रको प्रभावकारिता

सिए. अनुप नेपाल

राज्य-नियामक-संघ त्रिकोणात्मक संयन्त्रको प्रभावकारिता

सहकारी क्षेत्रको सुशासन र वित्तीय स्थायित्व सुनिश्चित गर्न राज्य, नियामक निकाय र सहकारी संघबीचको त्रिकोणात्मक संयन्त्र महत्वपूर्ण भूमिका खेल्दछ। यस संयन्त्रको प्रभावकारिता निम्न बुँदाहरूमा देखिन्छ:

नीति र नियमनको एकिकरण

- राज्यले सहकारी ऐन र नीतिहरू निर्माण गर्छ।
- नियामक निकाय (राष्ट्रिय सकारी नियमन प्राधिकरण, सहकारी विभाग, NRB) ले Basel Framework, CAR, RWA / PEARLS आधारित निर्देशन जारी गर्छ।
- संघ र केन्द्रीय संघले यी नीतिहरूको कार्यान्वयनमा स्थानीय सहकारी संस्थाहरूलाई मार्गदर्शन र अनुगमन प्रदान गर्छ।
- यस संयोजनले दोहोरो नियमन घटाउने, जिम्मेवारी स्पष्ट गर्ने र अनुपालन सुनिश्चित गर्ने क्षमता बढाउँछ।

जोखिम व्यवस्थापन र प्रारम्भिक चेतावनी

- संघले SACCOs र अन्य सहकारी संस्थामा जोखिम पहिचान, Early Warning System / MIS आधारित रिपोर्टिङको विकास गर्छ।
- नियामक निकायले जोखिम मूल्याङ्कन, पूँजी पर्याप्तता र नियामक अनुपालन अनुगमन गर्छ।
- राज्यको नीति मार्गदर्शनले दीगो वित्तीय स्थायित्व सुनिश्चित गर्दछ।

राज्य-नियामक-संघ त्रिकोणात्मक संयन्त्रको प्रभावकारिता

क्षमता विकास र तालिम

- संघ र केन्द्रीय संघले बोर्ड, व्यवस्थापन र कर्मचारीलाई वित्तीय व्यवस्थापन, जोखिम व्यवस्थापन र Self-Regulation तालिम प्रदान गर्छ।
- नियामक निकाय र राज्यले आवश्यक मार्गदर्शन र निर्देशन प्रदान गर्दै क्षमता विकासलाई सुदृढ बनाउँछ।

पारदर्शिता र सदस्य विश्वास

- त्रिकोणात्मक संयन्त्रले पारदर्शिता, रिपोर्टिङ र Governance सुधार गरेर सदस्य विश्वास कायम गर्न सहयोग पुऱ्याउँछ।
- Self-Regulation मार्फत संघले सदस्यहरूलाई आफ्नो अधिकार, जिम्मेवारी र संस्थाको वित्तीय स्थिति बारे जानकारी गराउँछ।

चुनौतिहरू र सुधारका सम्भावनाहरू

- नियामक-संघ-राज्य बीच समन्वय कमजोर हुनु, डेटा अभाव, र MIS प्रणाली कमजोर हुनु चुनौतिहरू हुन्।
- Single Regulatory Window अवधारणाको प्रयोग, Capacity Building, MIS सुधार र Risk-Based Supervision अपनाउने सुझाव प्रभावकारिता बढाउन सक्दछ।



धन्यवाद

सिए. अनुप नेपाल

अध्यक्ष, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ